AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७९ कार्तिक ३० गते

श्री संयोजक तथा कार्यसमिति पदाधिकारी र सदस्यहरू एम्नेस्टी
इन्टरनेसनल नेपालमा आबद्ध समूह, युथ नेटवर्क र निर्माणाधीन समूह

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३१ औं साधारण सभामा सहभागिताका लागि सदस्यता सङ्ख्या ५० कायम गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा **मिति २०७९ साल पौष २ गते (१७ डिसेम्बर २०२२)** आयोजना हुन लागिरहेको एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको ३१ औं साधारण सभामा सहभागिताका लागि प्रत्येक समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरूले **मिति २०७९ मंसिर १२ गते भित्र** सदस्यस्ता सङ्ख्या नविकरण वा/र विस्तार गरी कम्तिमा ५० सदस्य सङ्ख्या पुर्याई समूह, युथ नेटवर्क र निर्माणाधीन समूहको वैधानिक हैसियत (valid status) कायम राख्नका लागि मिति २०७९ कार्तिक १४ गते नेसनल बोर्ड महासचिवद्वारा प्रेशित सर्कुलरका बारेमा यहाँहरूलाई पुनः स्मरण गराइन्छ।

कतिपय समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरूको सदस्यता सङ्ख्या आज मिति २०७९ कार्तिक ३० गतेसम्म पनि ५० भन्दा कम रहेको देखिन आएको छ। तसर्थ ३१ औं साधारण सभामा सहभागिता सुनिश्चित गर्नका लागि निर्धारित **मिति २०७९ मंसिर १२ गते भित्र** अनिवार्य रूपमा आ-आफ्नो समूह, युथनेटवर्क र निर्माणाधीन समूहहरूमा सदस्यता सङ्ख्या ५० कायम राख्न पुनः अनुरोध गरिन्छ। पचास भन्दा कम सदस्यता रहेको समूह र युथनेटवर्कहरूको विवरण यसैसाथ सम्लग्न गरिएको छ।

पुनश्चः ३१ औं साधारण सभामा सहभागिताका लागि **मिति २०७९ मंसिर १६ गते भित्र** आ-आफ्नो समूह, युथनेटवर्क र निर्माणाधीन समूहहरूमा सदस्यता सङ्ख्या ५० कायम राखी आ-आफ्नो प्रतिनिधि र पर्यवेक्षकहरूलाई तोकिएको ढाँचाको फारममा सिफारिस गरी राष्ट्रिय सचिवालयमा पठाउन पनि यसैसाथ अनुरोध गरिन्छ। साथै साधारण सभासम्बन्धी अद्यावधिक जानकारीका लागि एम्नेस्टी नेपालको वेबपेजमा यहाँ निरन्तर भिजिट गर्ने गर्नुहुन पनि अनुरोध छ।

धन्यवाद,

K. Pradhan

चक्र कुमार प्रधान
सदस्यता इन्चार्ज
एम्नेस्टी इन्टरनेसनल नेपाल